## पथरी शनिश्चरे नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड: ९ | संख्या: ४ | मिति: २०८२/१२/११

भाग- २

**पथरी शनिश्चरे नगरपालिका**


## सञ्चारकर्मी प्रर्वद्धन तथा प्रोत्साहन कार्यक्रम कार्यविधि, २०८२

कार्यापालिकाबाट स्विकृत मिति:२०८२/१२/११

प्रमाणिकरण मिति: २०८२/१२/१२

## प्रस्तावना :

मुलुकको चौथो अंगको रुपमा मानिने सञ्चार जगतको विकास, विस्तारका लागि संविधान प्रदत्त दायित्व निर्वाह गर्न नगर क्षेत्रमा क्रियाशील प्रकाशन गृह, पत्रपत्रिका, एफ.एम.(Frequency Modulation) रेडियो र नगर क्षेत्रबाट प्रसारणमा आएका टेलिभिजन तथा अनलाइन सञ्चार माध्यम समेतलाई प्रवर्द्धन आवश्यकता महसुस गरी सञ्चार क्षेत्रमा नगरपालिकाबाट हुने अनुदान रकम (लोक कलयाणकारी विज्ञापन)को बाँडफाँड, उपयोगलाई व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन नीति तर्जुमा गर्न वाञ्छनीय भएको तथा पत्रकारको भौतिक र व्यवसायिक सुरक्षाको प्रत्याभूति सहितको सञ्चार क्षेत्रको प्रवर्द्धनका लागि पथरीशनिश्चरे नगर कार्यपालिकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो 'संचारकर्मी प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम कार्यविधि २०८२' जारी गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम 'संचारकर्मी प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम कार्यविधि २०८२' रहेको छ ।

(ख) यो कार्यविधि पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।

(ख) 'कार्यविधि' भन्नाले 'संचारकर्मी प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम कार्यविधि २०८२' लाई सम्झनु पदर्छ ।

(ग) 'नगरपालिका' भन्नाले पथरीशनिश्चरे नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) 'पत्रकार' भन्नाले समाचार रिपोर्टिङ, समाचार लेखन तथा त्यसको सम्पादनमा आवद्ध नेपाल पत्रकार महासंघको सदस्यता लिएको वा सूचना विभागबाट प्रेस पास प्राप्त गरेका सञ्चार माध्यममा कार्यरत वा स्वतन्त्र रुपमा पत्रकारिता क्षेत्रमा कार्यरत पत्रकार सम्झनु पर्दछ ।

(ङ) "सञ्चारमाध्यम" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई नगर क्षेत्रवाट नियमित रुपमा सूचीकृत भई प्रकाशित पत्रिका, प्रसारित एफएम रेडियो, टेलिभिजन र अनलाइन सम्झनु पर्दछ ।

(च) 'सञ्चारकर्मी' भन्नाले समाचारसँग सम्वन्धित वाहेकको कार्यक्रम उत्पादक, प्रस्तोता, प्रसारक र सञ्चार गृहको प्राविधिकलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २
## सूचीकृत तथा अनुदान सम्वन्धी व्यवस्था

३. **सूचीकृत हुने प्रावधान : (१)** नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायता तथा अनुदान प्राप्त गर्न सबै प्रकाशन प्रसारण संस्थाहरु नगरपालिकामा अनिवार्य देहायका कागजात सहित सूचीकृत हुनुपर्नेछ । सूचीकृत नभएका संचार संस्थाहरूलाई नगरपालिकाले अनुदान तथा आर्थिक सहायता उपलव्ध गराउने छैन ।

पथरी शनिश्चरे नगरपालिका क्षेत्रभन्दा बाहिरबाट प्रकाशन प्रसारण हुने गरी दर्ता भएका सञ्चार संस्थाहरुलाई यो कार्यविधिले समेट्ने छैन । नगर क्षेत्रका सञ्चारमाध्यम निम्न अनुसारको प्रावधानमा सुचीकृत हुनेछन् :-

(क) सञ्चार सम्वन्धी कानूनी प्रावधान अनुरुपका सरकारी निकायमा दर्ता भइ प्रकाशन प्रसारण इजाजत प्राप्त भएका सञ्चार संस्थाहरु कार्यविधिको दफा ३ अनुसार सूचीकृत हुनुपर्नेछ । यस्तो सूचीकृत प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ ।

(ख) उपदफा १ मा लेखिए वाहेक सञ्चार सम्वन्धी निकायमा दर्ता गरी अनुमति लिएका सञ्चार संस्था तथा सञ्चार माध्यमको दर्ता प्रमाण-पत्र (नविकरण समेत), संस्थाका प्रमुखको नागरिकताको प्रमाण-पत्र, संस्था सञ्चालकहरुको पूर्ण विवरण सहित विधानको छायाँकपि, स्थायी लेखा नम्वरको छायाँकपि, करचुक्ता प्रमाण-पत्रको छायाँकपि, सञ्चारगृह सञ्चालकको विवरण रहेको कागजात पेश गरी नगरपालिकामा सूचीकृत गर्नुपर्नेछ ।

(ग) सूचीकृत नवीकरण गर्न आउँदा लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

(घ) थप इजाजत लिनुपर्ने गरी दर्ता भएकाको हकमा इजाजतपत्रको छायाँप्रति पेशगर्नुपर्नेछ ।

(ङ) कुनै सञ्चार संस्थाले आफ्ना सञ्चार माध्यम थप गर्नुपर्ने, क्षमता बढाउनु पर्ने भएमा नगरपालिका कार्यालयमा पनि त्यसबारे जानकारी गराउनु पर्नेछ ।

(च) सञ्चार संस्थाका पदाधिकारी तथा सञ्चारमाध्यममा कार्यरत पत्रकार, सञ्चारकर्मीको अद्यावधिक विवरण नगरपालिका कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

(छ) सञ्चार संस्था वन्द हुन गएमा नगरपालिका कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

४. **अनुदान तथा आर्थिक सहयोग सम्बन्धी व्यवस्था :** नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी वा समय समयमा आम सञ्चारका माध्यम तथा पत्रकारजन्य संघ संस्थालाई अनुदान तथा आर्थिक सहयोगको रुपमा उपलब्ध गराउन संस्था तोकी वा एकमुष्ठ रुपमा बजेट रकम उपलब्ध गराउन सक्नेछ ।

५. **अनुदान वा सहायता रकमबाट सञ्चालन गर्न सकिने कार्यक्रमहरु :** यस कार्यविधि बमोजिम अनुदान तथा आर्थिक सहायता प्राप्त गर्न चाहने संस्थाहरुले देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन् :-

(क) सूचना तथा सञ्चार एवं पत्रकारिता सम्बन्धमा नेपालको संविधान, कानून र आमसञ्चार नीतिको कार्यान्वयनमा सहयोग पुग्ने कार्यक्रमहरु ।

(ख) पत्रकारिता, आमसञ्चार क्षेत्रको भूमिका, पहल र सुधारका क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रकाशन गर्ने सम्बन्धी कार्यक्रमहरु ।

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

(ग) पत्रकार र सञ्चारकर्मीहरुको क्षमता विकास सम्बन्धी तालिम, गोष्ठी, सेमिनार, अभिमुखिकरण, कार्यशालाहरुको आयोजना, स्थलगत अध्ययन-अवलोकन भ्रमण, लेखनवृत्ती, सम्मान र पुरस्कार सम्बन्धी ।

(घ) आमसञ्चार सम्वन्धी संस्था/आफ्नो संस्थाको पूर्वाधार विकास, उपकरण सहित संस्थागत क्षमता वृद्धिका कार्यक्रमहरु ।

(ङ) पत्रकारिता सम्बन्धी प्रतिष्ठित व्यक्तित्व/संस्था/अध्ययन अनुसन्धान सम्बन्धमा रचनात्मक अक्षयकोषको स्थापना र सञ्चालन सम्बन्धी कार्यक्रम ।

(च) सम्बन्धित संस्थाले गर्ने पत्रकारिता र आमसञ्चार सम्बद्ध रचनात्मक र विशेष कार्यहरु सम्बन्धी कार्यक्रम ।

(छ) पत्रकारिता र आमसञ्चार क्षेत्रमा प्रत्यक्ष सहयोग पुग्ने अन्य कार्यक्रमहरु ।

(ज) सञ्चारमाध्यम, सञ्चारकर्मी र पत्रकारहरुद्वारा नगरपालिकाको नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा प्रोत्साहन र सहजिकरण हुने कार्यक्रमहरु ।

## परिच्छेद- ३
## विज्ञापन तथा ग्राहक

**६. विज्ञापन वितरण :**

(क) नगरपालिकाको जनहितका लागि जारी गरिने छोटा तथा समसामयिक सूचना प्रकाशन र प्रशारण वापत 'संचारकर्मी प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम' अन्तर्गत नगरबाट सञ्चालित/प्रकाशित साप्ताहिक पत्रिका र अनलाइन मिडियाहरुका लागि सञ्चारकर्मी प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम दफा ७ को 'ग' अनुसारको समितिको निर्णय बमोजिम हुनेछ ।

(ख) नगरपालिकाको जनहितमा जारी सूचना साप्ताहिक पत्रिकाले साताको १ पटकका दरले महिनामा कम्तीमा ४ पटक प्रकाशन/प्रशारण गर्नुपर्नेछ भने अनलाइन मिडियाले त्यस किसिमको सूचना नगरपालिका कार्यालयले समय सान्दर्भिकता र आवश्यकताका आधारमा निर्माण गरी उपलब्ध गराएको सूचना प्रशारण गर्नुपर्नेछ ।

(ग) जनहितमा जारी सूचनाको भूक्तानी वार्षिक रुपमा उपलब्ध गराइनेछ ।

(घ) जनहितमा जारी सूचना प्रकाशन/प्रशारण नगर्ने सञ्चारमाध्यमलाई भुक्तानी दिइने छैन । यदि कुनै कारणले नियमित विज्ञापन प्रकाशन/प्रशारण हुन नसकेमा प्रकाशित/प्रशारित पटकको आधारमा मासिक रकममा भाग गरी भुक्तानी दिइनेछ ।

(ङ) जनहितमा जारी सूचना प्रकाशनका साथै नगरपालिकाका गतिविधि एवम् नीति तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भका समाचार, कार्यक्रम प्रकाशन प्रशारणमा प्राथमिकता दिएको हुनुपर्नेछ ।

(च) भूक्तानीका लागि सञ्चार माध्यममा प्रकाशन/प्रशारण भएको प्रति साथै संम्लग्न हुनुपर्ने ।

(छ) जनहितमा जारी सूचना तथा अन्य किसिमको सूचना प्रकाशन एवम् प्रशारणका लागि सम्वन्धित सरकारी निकाय (सूचना विभाग, प्रेस काउन्सिस सहित)मा दर्ता भएको र त्यसका विभिन्न मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

## परिच्छेद- ४

## लेखनवृत्ति, पुरस्कार तथा सम्मान

**७. लेखनवृत्ती :**

(क) प्रत्येक वर्ष नगरपालिका कार्यालयले नगर क्षेत्र भित्रका साझा सरोकारका विषय र विकास गतिविधिको खोजमूलक समाचार, लेख प्रकाशन/ प्रसारण गर्ने पत्रकारहरुलाई लेखनवृत्ति प्रदान गरिनेछ ।

(ख) लेखनवृत्ति पथरी शनिश्चरे नगरपालिकाका पत्रकारहरुले मात्र सहभागिता जनाउन पाउने छन् ।

(ग) लेखनवृत्ति छनौट : लेखनवृत्ति छनौटका लागि पेश भएका सामग्रीहरु मध्येबाट उत्कृष्ठ सामग्रीको छनौटका लागि देहाय अनुसारको लेखनवृत्ति छनौट समिति रहनेछ ।

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य | सदस्य |
| ३. सूचना सम्पादक | सदस्य |
| ४. नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि | सदस्य |
| ५. सूचना अधिकारी | सदस्य सचिव |

८. पुरस्कार : (क) नगरको समग्र विकासमा टेवा पुऱ्याउने, सुशासन स्थापित गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने क्रियाशील पत्रकारलाई प्रत्येक वर्ष १ जनालाई १५ हजार रुपैयाँको क्रियाशील पत्रकारिता पुरस्कार तथा उत्कृष्ठ सञ्चार माध्यमलाई २५ हजार राशीको सञ्चारमाध्यम पुरस्कार प्रदान गरिनेछ । दुवै पुरस्कारमा प्रशंसा पत्र प्रदान गरिनेछ ।

(ख) पुरस्कार छनौट :

दफा ७ को (ग) मा उल्लेख भए अनुसारको समितिबाट हुनेछ । समाचार लेखनको प्रभावकारिताका साथै क्रियाशिलता र नगरपालिकाको समाचार प्रकाशन तथा पुरस्कार छनौटका सूचकहरूको आधारमा छनौट गरिने । पुरस्कार छनौटका अन्य मापदण्ड दफा ७ को (ग) अनुसारको समितिले निर्धारण गर्न सक्नेछ ।

९. सम्मान : नगरमा रहेर निरन्तर रुपमा लामो समयदेखि पत्रकारिता गर्ने पत्रकारलाई सम्मान-पत्र, दोसल्ला, नगरको चिनारी रहेको उपहार र पेन्टिङ गरिएको सम्मानित व्यक्तिको मुहारचित्र वा सम्मानितको मुहारकृति भएको मुहारचित्र र नगद २५ हजारले सम्मान गरिनेछ ।

(क) सम्मान छनौट : दफा ७ को (ग) मा उल्लेख भए अनुसारको समितिबाट हुनेछ ।

(ख) पुरस्कार तथा सम्मान प्राप्त गर्ने व्यक्ति छनौटको अन्तिम निर्णय दफा ७ को (ग) अनुसारको गठित समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।

## परिच्छेद- ५
## विविध

**१५. अवलोकन भ्रमण :**
पत्रकारिताको अनुभव आदानप्रदान तथा पत्रकारिताको सहप्रवर्द्धनका लागि अन्य ठाउँका पत्रकारिताका उत्कृष्ठ गतिविधिको यस नगरका पत्रकारबाट अवलोकन भ्रमण गराएर त्यसको सिकाई नगरमा लागू गर्न सक्नेछ ।

**१६. पुरस्कार र सम्मान राशीको पुनर्मूल्याङ्कन् :**
पत्रकारिता तथा सञ्चार माध्यम पुरस्कार, लेखनवृत्ति र जनहितमा जारी सूचनाको रकममा समयानुकुल पुनर्मुल्याङ्कन् गरी समय सान्दर्भिकता अनुसार बृद्धि गर्दै लगिनेछ ।

**१७. वचाउ** : (१)यो कार्यविधि लागू हुनुभन्दा पहिले कार्यविधिमा उल्लिखित विषयमा भएका कामकारवाहीहरु यसै कार्यविधि अन्तरगत भए गरेको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम हुनेछन् र उल्लेख नभएका विषयहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछन् ।

आज्ञाले
राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत